कार्यपालिका बैठक मिति : २०८१।११।२३ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।११।१९ गते।

<u>मिति २०८१।११।२३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू</u>

१. निर्णय समिक्षा सम्बन्धमा।
२. भूउपयोग क्षेत्र वर्गिकरण गर्ने सम्बन्धमा।
३. घरेलु मदिरा ब्रान्डिङ सम्बन्धमा।
४. मनास्लु स्याउ ब्रान्डिङ सम्बन्धमा।
५. ऐन अनुवादन सम्बन्धमा।
६. मनास्लु र चुम पदमार्ग म्याप तयार सम्बन्धमा।
७. स्थानीय बालसंरक्षण समिति गठन सम्बन्धमा।
८. बालसंरक्षण अधिकारी नियुक्त गर्ने सम्बन्धमा।
९. जलवायू अनुकुलन कार्ययोजना सम्बन्धमा।
१०. उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम सञ्चालन सम्बन्धमा।
११. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
१२. विपद व्यवस्थापन सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. भूउपयोग नियमावली २०८१ बमोजिम चुमनुब्री गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गिकरण गर्ने कार्य परामर्शदाताबाट परामर्श सेवा खरिद गरी गर्ने।
३. चुमनुब्री गाउँपालिकामा उत्पादन हुने घरेलु मदिराको गुणस्तर एकरूपता कायम गरी सुरक्षित तथा व्यवस्थित तरिकाले घरेलु मदिरा उत्पादन तथा बिक्रि वितरणलाई प्रोत्साहन गरी आयआर्जनमा वृद्धि गराउन घरेलु मदिरा उत्पादन तथा बजारीकरण कार्यविधि, २०८१ स्विकृत गर्ने।
४. चुमनुब्री गाउँपालिका भित्र उत्पादन हुने स्याउको ब्रान्डिङ तथा बजारीकरणका लागि मनास्लु स्याउ नामकरण गरी ब्रान्डिङ गर्ने तथा स्याउ तथा ओखर बेर्ना र स्याउ सुकुटी बनाउने मेशिन अनुदानमा वितरणका लागि आ व २०८२।८३ को वार्षिक कार्यक्रममा समावेश गर्ने।
५. चुमनुब्री गाउँपालिकाले निर्माण गरेको श्याग्या परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन २०७९ र आम्ची(सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन २०७९ लाई अँग्रेजी भाषामा अनुवाद गर्नका लागि आदीवासी जनजाती अनुसन्धान तथा विकास केन्द्रलाई अनुरोध गर्ने साथै उक्त ऐनको पूर्ण कार्यान्वयनका लागि आवश्यक कार्यविधिको मस्यौदा तयारीका लागि समेत केन्द्रलाई अनुरोध गर्ने।
६. चुमनुब्री गाउँपालिका भित्रका मनास्लु पदमार्ग र चुमभ्याली पदमार्गको प्रचारप्रसारका लागि म्याप तयार गरी छपाई वितरण गर्ने।
७. बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० उपदफा २ बमोजिम चुमनुब्री गाउँपालिका स्थानीय बाल अधिकार समिति तपसिलका पदाधिकारी रहने गरी गठन गर्ने।

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| अध्यक्ष : लक्ष्मी गुरूङ | उपाध्यक्ष | चुमनुब्री गाउँपालिका |
| सदस्य : रूवेश घले | कार्यपालिका सदस्य | चुमनुब्री गाउँपालिका |
| सदस्य : लाङ्मा गुरूङ | वडा सदस्य | चुमनुब्रि गाउपालिका वडा नं ३ |
| सदस्य : कालीमाया गुरूङ | आमा समूह प्रतिनिधि | फिलिम आमा समूह |
| सदस्य : वेद प्रकाश ढकाल | स्थानीय बाल कल्याण अधिकारी | चुमनुब्री गाउँपालिका |
| सदस्य सचिव : जानकी कट्टेल | सहायक महिला विकास निरक्षक | चुमनुब्री गाउँपालिका |

८. बालबालिक सम्बन्धी नियमावली २०७८ को परिच्छेद १० नियम ८१ बमोजिम चुमनुब्री गाउँपालिकाको बाल कल्याण अधिकारी अधिकृतस्तर छैठौं वेद प्रकाश ढकाललाई नियुक्त गर्ने ।

९. चुमनुब्री गाउँपालिकाको जलवायु अनुकूलन कार्ययोजना २०८१।८२-८३।८४ स्विकृत गर्ने ।

१०. उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमबाट ८० प्रतिशत अनुदानमा विद्युतिय चुल्हो वितरणका लागि तपसिलका लाभग्राही मापदण्ड तोकी आवेदन संकलन गर्ने ।

तपसिल

क. २ वर्षको सुत्केरी तथा गर्भवती महिला भएको घर

ख. आर्थिक रूपमा विपन्न भएको घर भनी वडाको सिफारिस

ग. दलित समुदाय

घ. ८० वर्ष माथिका ज्येष्ठ नागरिक/अपांगता भएका व्यक्ति बसोबास गर्ने घर

११. चुमनुब्री गाउँपालिकाको सवारी साधान चलाउनका लागि एक जना हलुका सवारी चालक आवश्यक भएको हुँदा गाउँपालिका करार सेवाबाट योग्यता पुगेको हलुका सवारी चालकको पदपुर्ति गर्ने ।

१२. चुमनुब्री गाउँपालिका वडा नं ७ स्थित रहेको लामागाउँ कानी जिर्ण अवस्थामा रहेको र तत्काल मर्मत गर्नु पर्ने भएको हुँदा विपद व्यवस्थापन कोषबाट मर्मत गरी लामागाउँ कानी मर्मत प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी दिने ।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष